# भद्रपुर नगरपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, प्रदेश नं. १

नेपाल

**कृतज्ञता ज्ञापन**

*भद्रपुर नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने नगरपालिकाका प्रमुख श्री जीवन कुमार श्रेष्ठ, उपप्रमुख श्रीमती चन्द्रमाया श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठ तथा कार्यपालिकाका सदस्यहरू, नगरपालिकाका कर्मचारीहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, व्यापारी वर्ग लगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

***डिएमआई परिवार***

२०७६

# विषय सूची

**परिच्छेद – १ : कार्ययोजनाको परिचय ........ 5**
१.१ कार्ययोजनाको बारेमा ........ 5
१.२ राजस्व सुधार योजनाको परिचय ........ 5
१.३ कार्ययोजनाको उद्देश्य ........ 6
१.४ कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया........ 6
*१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ........ 6*
*१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास........ 6*
*१.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला........ 7*
*१.४.४ तथ्यांक/सूचना संकलन........ 7*
*१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी........ 8*
*१.४.६ अन्तिम कार्यशाला गोष्ठी........ 8*
१.५ अध्ययनको सीमा........ 8

**परिच्छेद – २ : नगरपालिकाको संक्षिप्त परिचय ........ 10**
२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ 10
२.२ नगरपालिकाको मानवीय संसाधन........ 11
२.३ नगरपालिकाको भौतिक सम्पत्ति ........ 12

**परिच्छेद – ३ : स्थानीय तहको राजस्व अधिकार........ 13**
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था........ 13
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था........ 16
*३.३.१ कर राजस्व........ 18*
*३.३.२ गैरकर राजस्व........ 24*

**परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ 32**
४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना ........ 32
४.२ विगतको आय परिचालनको अवस्था ........ 32
४.३ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता........ 35
४.५ राजस्व परिचालनमा रहेका सवालहरू........ 35

**परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना ........ 37**
५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ........ 37

**परिच्छेद – छ : आगामी तीन वर्षको आय प्रक्षेपण ........ 43**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण........ 43
६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण........ 45

**अनुसूची**
अनुसूची १ : सन्दर्भ सामग्रीहरू ........ 52
अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि प्रयोग गरिएको फारम तथा सूची ........ 53
अनुसूची ३ : प्रारम्भिक तथा योजना तर्जुमा कार्यशालाको उपस्थिति विवरण........ 62

# तालिका सूची

तालिका १: नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज ....................11
तालिका २: गाउंपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था....................16
तालिका ३: घरजग्गा करको सम्भाव्यता विवरण....................20
तालिका ४: व्यवसाय करको सम्भाव्यता विवरण ....................22
तालिका ५: बहाल विटौरी शुलकसंकलनको अवस्था....................26
तालिका ६: सम्पत्तिको बहालबाट प्राप्त हुनसक्ने आयको सम्भाव्यता विवरण....................31
तालिका ७: राजस्व परामर्श समिति....................32
तालिका ८: विगत तिन आर्थिक वर्षमा आन्तरिक आय संकलनको अवस्था र औसत बृद्धि दर....................33
तालिका ९: कर राजस्व सुधार कार्ययोजना....................37
तालिका १०: आगामी आ.व.ह□का लागि राजश्व प्रक्षेपणका आधारह□....................43
तालिका ११: चालु आ.व.को अनूमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण....................46

# परिच्छेद – १ : कार्ययोजनाको परिचय

## १.१ कार्ययोजनाको बारेमा

नगरपालिकाको विद्यमान राजस्व अवस्थामा सुधार गर्ने तथा आगामी तीन वर्षसम्मको राजस्व प्रक्षेपण गर्ने कार्यलाई सहयोग पुऱ्याउन विज्ञ संस्थाको प्राविधिक सहयोगमा भद्रपुर नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) तयार गरेको हो । यस प्रतिवेदनमा भद्रपुर नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन, विश्लेषण गरी प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कार्यहरूको पहिचान गरिएको छ र सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपणसमेत गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा उक्त कार्यहरूको अनुगमनका लागि तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने विश्वास लिइएको छ । यस कार्ययोजनामा निम्न विषय वस्तुहरूलाई समेटिएको छ ।

1. राजस्व सुधार कार्ययोजनाको परिचय
2. नगरपालिकाको संक्षिप्त परिचय
3. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
4. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
5. राजस्व सुधार कार्ययोजना
6. आगामी ३ वर्षको आय प्रक्षेपण
7. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार योजनाको परिचय

नेपालको राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने विद्यमान संवैधानिक व्यवस्था रहेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । यसको मुख्य कारण स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

भद्रपुर नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाकै नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी यो कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको प्रमुख उपलब्धीका रुपमा नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरुलाई राजस्व परिचालनको क्षेत्रमा आधारभूत जानकारी प्राप्त हुनुका साथै नगरपालिकाको आन्तरिक आयको क्षेत्रमा रहेका समस्या तथा अवसरहरूको पहिचान गरी सुधारको कार्ययोजना

तयार गर्ने र आगामी तीन वर्षका लागि आयको प्रक्षेपण गर्ने मार्गदर्शन तयार भएको हुनेछ ।

## १.३ कार्ययोजनाको उद्देश्य

भद्रपुर नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना र विद्यमान समस्याहरूको विश्लेषण गरी सुधारका क्रियाकलाप पहिचान गर्न र सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्ययोजना तयारी गर्नुको मुलभूत उद्देश्य हो । यस कार्ययोजनाका विशिष्ठ उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- नगरपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरू, वडा सचिवहरु, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय प्रक्षेपण एवम् आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।

## १.४ कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया

कार्ययोजना तयारी गर्ने कार्य नगरपालिकाका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी र वडा सचिवहरू सहितको सहभागितामा कार्यशाला आयोजना गरी सम्पन्न गरिएको थियो । त्यसबाहेक, सरोकारवालाहरूसँगको अन्तरक्रिया तथा सूचना संकलन फारामको उपयोग तथा सम्बन्धित कर्मचारी तथा जनप्रतिनिधिहरुसँग छलफलजस्ता विधिहरूबाट कार्ययोजना तयारीका लागि थप सूचना संकलन गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूको विस्तृत विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । प्रतिवेदनका लागि आवश्यक सूचना नगरपालिकाको कार्यालयमा रहेका राजस्व शाखा, लेखा शाखा, योजना शाखा, नक्सा शाखा, प्रशासन शाखालगायत अन्य शाखा र एकाइहरुबाट संकलन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसँग छलफल गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### *१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास*

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण गरी परामर्शदातृ संस्थाले अन्य स्थानीय तहहरुमा गरेको अभ्यास समेतलाई मध्यनजर गरी सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### १.४.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला

नगरपालिकामा प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न नगरपालिका परिवारको लागि उपयुक्त समय तय भएपछि प्राविधिक परामर्शदाता टोली चैत २८ गते भद्रपुर आइपुगेको थियो । नगरपालिकाका प्रमुख पदाधिकारीहरूसँग भएको छलफल र समझदारी अनुरुप २०७५ चैत २९ गते विहान ८ बजेदेखि दिउसो ३ बजेसम्म राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो । कार्यशाला गोष्ठीमा नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरू, उद्योग वाणिज्य संघका प्रतिनिधि, नगरपालिकाका शाखा प्रमुखहरू, वडा सचिव, लगायत सहजकर्ता टोली सहित कुल ४३ जनाको सहभागिता रहेको थियो । सहभागीहरुको  नामावली **अनुसूची ३** मा राखिएको छ ।

कार्यशालाकृ अध्यक्षता नगरपालिका उप प्रमुख श्री चन्द्रमाया श्रेष्ठले गर्नुभएको थियो । गोष्ठीको शुभारम्भ सत्रमा मन्तव्य व्यक्त गर्दै नगरपालिका प्रमुख श्री जीवन कुमार श्रेष्ठले सामान्यतया राजस्व वृद्धिमा यथोचित ध्यान दिने परिपाटी कम भएको तथा सम्भाव्य सबै क्षेत्रमा राजस्व संकलन गर्न नसकिएको परिवेशमा राजस्व सुधार कार्ययोजनाले कर तथा गैरकरको दर तथा दायरा सम्बन्धमा यथार्थपरक विश्लेषण गरी नगरपालिकाको कुल राजस्वको आकार पहिचान गरी राजस्वका दरहरुलाई सान्दर्भिक बनाउन सक्ने अपेक्षा व्यक्त गर्नु भएको थियो । कार्यशाला गोष्ठीमा स्वागत मन्तव्य व्यक्त गर्दै प्रमुख प्रशासकीय अधिकृत श्री तुलसी बहादुर श्रेष्ठले स्थानीय तहमा धेरै जिम्मेवारी रहेको, जिम्मेवारीका तुलनामा स्रोतको कमी रहेको, धेरै ध्यान खर्चमा रहेको तर कसरी आय वृद्धि गर्न सकिन्छ भन्ने सम्बन्धमा कम ध्यान पुग्ने गरेको र सानो प्रयासमा पनि ठूलो राजस्व संकलन गर्न सक्ने अवसर भएकाले कुरा व्यक्त गर्दै नगरपालिकाको हाल रजस्व संकलनको अवस्थालाई संक्षेपमा प्रस्तुत गर्ने भएको थियो । शुभारम्भ सत्रको सञ्चालन राजस्व अधिकृत श्री सुशिल कर्णले गर्नुभएको थियो । शुभारम्भ सत्र सम्पन्न भएपछि प्राविधिक टोलीलाई कार्यशाला सञ्चालनका लागि बाँकी सत्रहरू सञ्चालनको जिम्मा दिइएको थियो ।

कार्यशाला गोष्ठीको प्रारम्भमा परामर्शदाताहरुले कार्यक्रमको सामान्य परिचय, कर तथा गैर कर सम्बन्धी सैद्धान्तिक पक्षहरु, स्थानीय तहको राजस्व अधिकार तथा राजस्व सुधार कार्ययोजनाको आवश्यकता र औचित्यका सम्बन्धमा विषयवस्तुको प्रस्तुतिसहित सत्र सहजीकरण गर्नुभएको थियो । प्रस्तुतिकरण सत्र सम्पन्न भएपश्चात् सहभागीहरुलाई निम्न तीन समूहमा विभाजन गरी राजस्व सुधार कार्ययोजनाका आधारभूत विषयवस्तुमा छलफल गरी तयार पारिएको समूह कार्यलाई *प्लेनरी*मा प्रस्तुती र  छलफल गरी निष्कर्ष सहित कार्यशालाको समापन गरिएको थियो ।

| समूह | समूह कार्यको शीर्षक/क्षेत्र |
|---|---|
| समूह १. | कर राजस्व सुधार योजना |
| समूह २. | गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत) |
| समूह ३. | राजस्व प्रशासन (आयको अभिलेख तथा संकलन, संगठन, अनुगमन र समन्वय) |

कार्यशाला समापनको अध्यक्षता गरिरहनुभएका नगर उपप्रमुख श्री चन्द्रमाया श्रेष्ठले हाल परिवर्तित व्यवस्था अनुरुप नगरपालिकाको राजस्व परिचालनमा प्रभावकारीता ल्याउन यस कार्यक्रम आयोजना गरिएको र यस कार्ययोजनाको तर्जुमाबाट नगरपालिकाको आन्तरिक आय वृद्धिमा ठोस सुधारको अपेक्षा गर्दै सहभागी सबैलाई धन्यवाद व्यक्त गर्नु भएको थियो । त्यसअघि कार्ययोजनाका लागि आवश्यक सूचना संकलन तथा अन्य सहयोगका लागि राजस्व शाखा प्रमुख श्री सुशिल कुमार कर्ण लाई सम्पर्क व्यक्तिका रुपमा जिम्मवेवारी प्रदान गरिएको थियो ।

### १.४.४ तथ्यांक/सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसँग छलफल, अन्तरक्रिया, स्थलगत अवलोकन एवम् प्रकाशित अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन

गरिएको थियो । यसका अलावा तथ्यांक संकलनका लागि गठित समितिले आवश्यक तथ्यांकहरू संकलन गरी प्राविधिक टोलीलाई उपलब्ध गराएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो :

- राजस्व प्रशासन तथा सूचना प्रवाहसम्बन्धी विवरण
- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- नगरपालिकाको वस्तुगत विवरण
- कर्मचारी विवरण तथा संगठन संरचना (organogram)
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### *१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी*

कार्यशाला, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामाग्री एवम् प्रतिवेदनहरुको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### *१.४.६ अन्तिम कार्यशाला गोष्ठी*

यो मस्यौदा प्रतिवेदनमाथि नगरपालिकाको सल्लाह सुझाव प्राप्त भइसकेपछि नगरपालिकासँग समन्वय गरी अन्तिम कार्यशाला गोष्ठीको आयोजना गरिनेछ । अन्तिम कार्यशाला गोष्ठीमा नगरपालिका पदाधिकारी, शाखा प्रमुख तथा अन्य कर्मचारी, उ.वा.संघ लगायतका सरोकारवालासँग मस्यौदामाथि विस्तृत छलफल गरी थप राय सुझाव संकलन गरिनेछ । यस मस्यौदामा प्राप्त सुझाव, अन्तिम कार्यशालामा प्राप्त गरिने सुझाव, नगरपालिका लगायत अन्य सरोकारवालाहरूबाट प्राप्त हुने सुझाव तथा प्राविधिक टोलीको स्थलगत अध्ययन र परामर्शदाताको समग्र अनुभवमा आधारित रही यस मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिइनेछ ।

## १.५. अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन प्रतिवेदनका आफ्नै सीमाहरू रहेका छन्, जुन निम्नानुसार रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्यका लागि प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक रुपमा स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य गर्न समय र स्रोतको सिमितता रहेको र परामर्श सेवाको कार्यक्षेत्रगत शर्तमा समाबेश नभएकोले संभव भएन ।

- संघीय तथा प्रदेश सरकारसँग प्राकृतिक स्रोत तथा पर्यटन शुल्कबाट प्राप्त हुने राजस्वको बाँडफाँडको व्यवस्था स्पष्ट नभएकोले यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । सो विषयमा स्पष्टता भए पश्चात् यस प्रतिवेदनलाई परिमार्जन गर्न आवश्यक देखिन्छ, जुन कार्य यस अध्ययनको कार्यक्षेत्रमा समावेश छैन ।
- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकाले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद – २ : नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा नगरपालिकाको आय परिचालनसँग प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समावेश गरिएको छ । यसले नगरपालिकाको भौगोलिक आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई चित्रण गर्दछ ।




## २.१ नगरपालिकाको संक्षिप्त परिचय

झापा जिल्लामा रहेको सात वटा नगरपालिकामध्ये भद्रपुर नगरपालिका नेपालको जेठो नगरपालिकामध्येको एक नगरपालिका हो । वि.सं. २००८ सालमा स्थापना भएको यो नगरपालिकामा २०३८/३९ सालमा चन्द्रगढी र महेशपुर गा.वि.सको केही वडाहरुलाई एकिकृत गरी १५ वडामा विभाजन गरिएको थियो । त्यसपछि वि.सं.२०७१ साल मंसीर १६ गतेको नेपाल सरकार (मन्त्री परिषद्)बाट भएको निर्णयबाट भद्रपुर नगरपालिका, महेशपुर र चन्द्रगढी गा.वि.स. समायोजन भई भद्रपुर नगरपालिकाको क्षेत्र विस्तार भई ७३.०२८३२६ वर्ग कि.मि हुन गयो भने वि स. २०७३ को राज्य पुनरसंरचनामा साविक पृथ्वीनगर गाविस पनि भद्रपुर नगरपालिकामा समायोजन भएको छ र हाल १० वटा वडाहरु रहेका छन् । यस नगरपालिकाको पूर्वमा मेची नदी तथा मित्र राष्ट्र भारतको विहार राज्यसँग जोडिएको छ भने पश्चिममा हल्दीबारी गाउँपालिका, उत्तरमा मेचीनगर नगरपालिका तथा दक्षिणमा कञ्चनबारी नगरपालिका रहेका छन् ।

**आर्थिक पूर्वाधार:** नेपालको अन्तर्राष्ट्रिय सीमानामा अवस्थित रहेको, भन्सार चौकी रहेको, नेपालको पुराना नगरपालिकाहरुमध्येको एक नगरपालिका भएको, नेपालको पूर्वी तराईको महत्वपूर्ण एयरपोर्टका रुपमा भद्रपुर एयरपोर्ट रहेको, पश्चिम बंगाल तथा सिक्किम, लगायत स्थानबाट काठमाडौं आउन सहज वातावरण भएको, नगरपालिका क्षेत्रमा व्यवसायिक चिया खेतीको विकास भएको आदि कारणले भद्रपुर नगरपालिका आर्थिक कारोबारका दृष्टिले महत्वपूर्ण रहेको छ । यहाँको मलिलो माटो निःसृत उर्वर भूमिका कारण विगतमा समेत यो नगरपालिका धान खेतीका लागि प्रसिद्ध थियो । अञ्चल अस्पताल, कलेज, प्रहरी तथा नेपाली सेनाका जिल्ला कार्यालहरुको अवस्थितिले यहाँको आर्थिक कारोबारमा थप बल पुऱ्याउँदै आएका थिए । मेची नदीमा रहेको पुलले दुई देशबीचको स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउन सहयोग गर्दै आएको छ । चिया खेतीको विस्तार तथा सम्बन्धित उद्योगहरुको विस्तार हुँदै जाँदा हाल भद्रपुर नेपालको पूर्वी तराईमा चियाको मुख्य केन्द्रका रुपमा विकास भएको छ । चन्द्रगढी बजार, लेखनाथ चोक, धनुषमोड, चन्द्रगढी ढाट, ज्ञाने चोक यहाँका प्रमुख बजार केन्द्रहरु हुन् । मेची नदीको किनारमा नगरपालिकाको दक्षिणपूर्वी भाग तथा उत्तरपूर्वी भागमा फराकिलो कृषि फाँट रहेको छ । नगरपालिकाको उत्तरमा चन्द्रगढी-चारआली सडकको पश्चिम भागमा तथा दुःखी टोलको दक्षिणमा ठूला चियाबगानहरु रहेका छन् । ठूला तथा साना होटल, पसल, हाजबजार रहेका छन् ।




**जनसांख्यिक तथा सामाजिक अवस्था**

वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यस नगरपालिका क्षेत्रको कुल जनसंख्या ६६,६२९ रहेको छ भने कुल घरधुरी १५,२७० रहेको देखिन्छ । यहाँ ब्राह्मण, क्षेत्री, नेवार, मगर, गुरुङ, लिम्बु, राई, तामाङ तथा दलितलगायत अन्य समुदाय समेतको बसोवास रहेको छ।

**धार्मिक, साँस्कृतिक, प्राकृतिक एवम् पर्यटकीय सम्पदा**

हिन्दू, बौद्ध, इस्लाम, क्रिश्चियन यहाँका मुख्य धार्मिक सम्प्रदायहरु हुन् । शिव पाञ्चायन मन्दिर, दुर्गा मन्दिर, भद्रशिव मन्दिर यहाँका प्रमुख मन्दिरहरु हुन् । पौराणिक दृष्टिले महत्वपूर्ण किचक बध पर्यटकीय महत्व बोकेको सम्भावित पर्यटकीय स्थल हो । चन्द्रगढी पार्क मनोरञ्जन तथा पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण रहेको छ।



चन्द्रगढी पार्क



किचक बध

**२.२ नगरपालिकाको मानवीय संसाधन**

नगरपालिका सञ्चालनका लागि नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत सहित २१ सदस्यिय कार्यपालिका रहेको छ भने कर्मचारीतर्फ २०७५ फागुन मसान्तमा विभिन्न प्रमुख प्रशासकीय अधिकृत सहित विभिन्न तहका ११३ कर्मचारी कार्यरत रहेको देखिन्छ। थप विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १: नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज**

| क्र. सं. | पद | तह | सेवा | समुह | स्वीकृत दरबन्दी | समायोजित दरबन्दी | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| 1 | प्रमुख प्रशासकिय अधिकृत | १० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| 2 | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | 1 | 1 | 0 |
| 3 | सि.डि.ई. | ९/१० | ईन्जि. | सिभिल | 1 | 0 | 1 |
| 4 | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| 5 | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | 1 | 1 | 0 |
| 6 | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | 1 | 0 | 1 |
| 7 | जनस्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | 1 | 0 | 1 |
| 8 | ईन्जिनियर | ७/८ | ईन्जि. | सिभिल | 1 | 0 | 1 |
| 9 | ईन्जिनियर | ७/८ | ईन्जि. | सिभिल | 1 | 1 | 0 |
| 10 | आ.ले.प.अधिकृत | ७/८ | प्रशासन | लेखा | 1 | 1 | 0 |
| 11 | अधिकृत | ६ | प्रशासन | सा.प्र. | 3 | 2 | 1 |
| 12 | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | 1 | 0 | 1 |
| 13 | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.इ. | 1 | 0 | 1 |
| 14 | सहायक | ५ | प्रशासन | सा.प्र. | 4 | 4 | 0 |
| 15 | लेखा सहायक | ५ | प्रशासन | लेखा | 1 | 1 | 0 |
| 16 | कम्प्युटर अपरेटर | ६ | विविध | | 1 | 1 | 0 |
| 17 | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | 1 | 0 | 1 |
| 18 | सव ईन्जिनियर | ५ | ईन्जि. | सिभिल | 2 | 2 | 0 |

| क्र. सं. | पद | तह | सेवा | समुह | स्वीकृत दरबन्दी | समायोजित दरबन्दी | रिक्त दरबन्दी |
|---|---|---|---|---|---|---|---|
| 19 | महिला विकास निरिक्षक | ५ | विविध | | 1 | 1 | 0 |
| 20 | अमिन | ४ | ईन्जि. | सर्वे | 1 | 0 | 1 |
| 21 | सहायक | ४ | प्रशासन | सा.प्र. | 3 | 2 | 1 |
| 22 | स.ले.पा. | ४ | प्रशासन | लेखा | 1 | 1 | 0 |
| 23 | सहायक महिला वि. निरिक्षक | ४ | विविध | | 1 | 1 | 0 |
| | **जम्मा** | | | | **31** | **21** | **10** |
| | **वडा कार्यालयतर्फ** | | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | 4 | 4 | 0 |
| २ | सब इन्जिनियर | ५ | ईन्जि. | सिभिल | 4 | 0 | 4 |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | 6 | 4 | 2 |
| ४ | अ.सब.इन्जिनियर | ४ | ईन्जि. | सिभिल | 6 | 0 | 6 |
| | **जम्मा** | | | | **20** | **8** | **12** |
| | **कुल जम्मा** | | | | **51** | **29** | **22** |

भद्रपुर नगरपालिकाको स्वीकृत दरबन्दीमा नियुक्ति भई समायोजन अध्यादेश २०७५ को दफा ६ को उपदफा ४ मा भएको व्यवस्था बमोजिम समायोजन भएका विविध सेवा र कार्यालय सहयोगीहरुको विवरण

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ईलेक्ट्रिसियन | ४ | विविध | | 1 | 1 | 0 |
| २ | ईलेक्ट्रिसियन | ४ | विविध | | 1 | 1 | 0 |
| ३ | जमदार | ४ | विविध | | 1 | 1 | 0 |
| ४ | भारी सवारी चालक | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| ५ | भारी सवारी चालक | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| ६ | कार्यालय सहयोगी | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| ७ | कार्यालय सहयोगी | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| ८ | कार्यालय सहयोगी | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| ९ | कार्यालय सहयोगी | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| १० | माली | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| ११ | कार्यालय सहयोगी | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| १२ | फायरमेन | ० | विविध | | 1 | 1 | 0 |
| १३ | फायरमेन | ० | विविध | | 1 | 1 | 0 |
| १४ | फायरमेन | ० | विविध | | 1 | 1 | 0 |
| १५ | कुचिकार | ० | प्रशासन | सा.प्र. | 1 | 1 | 0 |
| | | ० | | | 15 | 15 | 0 |

## २.३ नगरपालिकाको भौतिक सम्पत्ति

नगरपालिकाका मुख्य भौतिक सम्पत्तिमा भद्रपुर वडा नं. ५ र ९ मा रहेका व्यापारिक सटर, भद्रपुर वडा नं. ५ मा रहेको १० कोठे पशुबधशाला, वडा नं. ५ मै रहेको कार्यालय भवन तथा वारुण यन्त्र भवन तथा वडा नं. १, ४ र वडा न. १० का वडा कार्यालय भवनहरु रहेका छन् । नगरपालिकाको स्वामित्वमा रहेका मेसिन, औजार तथा अन्य उपकरणतर्फ व्याक हे लोडर एकवटा, रोलर एकवटा तथा सेक्सन मेसिन एकवटा रहेका छन् ।

# परिच्छेद – ३ : स्थानीय तहको राजस्व अधिकार

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**नेपालको संविधान** ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमीकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाँउपालिका वा नगरपालिकाको एकल अधिकारः**

**अ) कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संसोधित व्यवस्था)*
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- बहाल बिटौरी शुल्क: आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग*
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित व्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित व्यवस्था)***

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था** (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँड गरिने*
- *आयोगले निर्धारण गरेको निर्धाण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँड गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदान: खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- सशर्त अनुदान: कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान: पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदान: कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ।

## ३.२. आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि उल्लिखित राजस्व अधिकार सम्बन्धी कानूनी आधारमा यस नगरपालिकाको सम्भाव्य आय शिर्षकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ । यसअन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ :

**तालिका २: गाउंपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| 1. | भूमि कर (मालपोत) | भएको | भएको | भएको |
| 2. | सम्पत्ति कर | भएको | भएको (गुठी बाहेकको अन्यमा एकीकृत सम्पत्तिकरको दर निर्धारण भएको) | भएको |
| 3. | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, | भएको | भएको | नभएको |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| | इरिक्सा) | | | |
| 4. | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| 5. | व्यवसाय कर | भएको | भएको | भएको |
| 6. | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | भएको | नभएको |
| 7. | विज्ञापन कर | भएको | भएको | भएको |
| **ख.** | **गैरकर** | | | |
| 8. | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, एवम् माटोजन्य वस्तुको बिक्री | भएको (बिक्री तथा निकासी शुल्कका रुपमा) | भएको | भएको |
| 9. | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको (न्यून) | भएको (प्रदेश कानुनबमोजिम) | नभएको |
| 10. | सामुदायिक वन पैदावार बिक्री | भएको | नभएको | नभएको |
| 11. | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| 12. | व्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| 13. | बहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| 14. | पार्किङ्ग शुल्क | भएको | भएको | भएको |
| 15. | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | भएको (सरसफाइ शुल्क) |
| 16. | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| 17. | स्थानीय विद्युत् महसुल | नभएको | | |
| 18. | मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क (केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि) | भएको (मनोरञ्जन कर भनिएको) | भएको | २०७४।७५ मा नभएको, त्यसअघि भएको |
| 19. | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) | भएको | भएको (हाटबजारमा) | भएको |
| 20. | मूल्यांकन सेवा शुल्क | भएको | नभएको | नभएको |
| 21. | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | भएको | भएको | भएको |
| 22. | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | भएको | नभएको | नभएको |
| 23. | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| 24. | दण्ड जरिवाना | भएको | नभएको | नभएको |

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार स्थानीय सरकारले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐनअनुसार उपरोक्त तालिकामा उल्लेखित करका सात शीर्षकहरुमध्ये सातवटै शीर्षकमा कर संकलनको संभावना भएको छ, दर निर्धारण सातवटै शीर्षकमा भएको छ भने कर संकलन सवारी कर तथा जडीबुटी, कवाडी र जीवजन्तु करबाहेक अन्य शीर्षकमा नभएको देखिन्छ । गैरकरअन्तर्गत प्रस्तुत १६ शीर्षकमध्ये स्थानीय विद्युत् महसुलमा तत्काल सम्भावना देखिँदैन भने दर निर्धारण ९ वटा शीर्षकमा भएको र ७ वटा शीर्षकमा नभएको देखिन्छ ।

## ३.३ आन्तरिक स्रोततर्फ राजस्वका प्रमुख क्षेत्र र सम्भावना

### *३.३.१ कर राजस्व*

**क. सम्पत्ति कर**

**हालको अवस्थाः** नगरपालिकाले चालु आ.व. २०६१।६२ देखि सम्पत्ति कर सुरु गरेको छ । नगरपालिकाको आर्थिक ऐन २०७५ ले घर/संरचना र सो घर/संरचनाले चर्चेको (प्लिन्थ एरिया) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ। घर/संरचनाको मूल्यांकनको आधार देहायअनुसार रहने व्यवस्था गरेको छ :

क) घरको आकार, प्रकार, बनोट, आयु, निर्माण सम्पन्न भएको वर्ष र ह्रास मूल्य
ख) घर र जग्गाको प्रचलित बजार मूल्य
ग) घर र जग्गाको व्यवसायिक र आवासीय उपयोगको अवस्था

माथी उल्लेखित बाहेक बाँकी जग्गामा मालपोत संकलन गरिने भनि ऐनमा उल्लेखि गरिएको छ। त्यसै गरि चालु आ.व. २०७५।७६का लागि रु. १ करोड २५ लाख संकलन हुने भनि अनुमान गरिएको छ । तर सम्पत्ति कर र मालपोत दुवै संकलन गरिने व्यवस्था चालु आ.व.का लागि गरिएको भएता पनि हाल एकिकृत सम्पत्तिकर संकलन गरिएको छ । गत आ.व. २०७४।७५ मा एकिकृत सम्पत्ति कर शिर्षमा जम्मा रु. 9,892,664.47 संकलन भएको थियो । नगरपालिका कार्यालय लगायत सबै वडा कार्यालयहरुमा बिलिङका लागि कम्प्युटर सफ्टवेयरको व्यवस्था भएको र केन्द्रिय सर्भर संग जोगिएकोले दैनिक विलिङ्गको जानकारी नगरपालिकामा प्राप्त हुने देखिन्छ ।

एकीकृत सम्पत्तिकर बुझाउने करदाता सम्बन्धि विवरण हेर्दा चालु आवको चैत्र मसान्त सम्म जम्मा २२,३४८ करदाता (घर सहित ९२२२० र जग्गा मात्र १३१२८) दर्ता भएका छन् ।

**संभाव्यताः** नगरपालिकाका घरधुरी तथ्यांक सम्बन्धी हालै गरिएको कुनै सर्भेक्षण नभएकाले विगतको तथ्यांक र हालको विकासको अवस्था हेर्दा करिब १६००० घरधुरी रहेको अनुमान गरिएको छ ।

विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लेखित घरधुरी संख्या १६००० लाई नै यस अध्ययनको प्रयोजनका लागि कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । हालको एकीकृत सम्पत्ति करको दर तथा संकलनको अवस्था हेर्दा प्रति करदाता रु ६०० सम्पत्ति कर संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ ।

| | |
|---|---|
| प्रति करदाता उठ्न सक्ने (अनुमानीत) औसत सम्पत्ति कर (रु.) | 600 |
| सम्पत्ति करदाता (संख्या) | 16000 |
| समग्रमा उठ्न सक्ने कुल सम्पत्ति कर (रु.) | 96,00,000 |

**सुधारका पक्षहरू:** सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- नगरपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान संघीय कानुन बमोजिम हुने गरी परिमार्जन गर्ने ।
- नगरपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत् करको दायरामा ल्याउने
- सम्बन्धित करदाताको घर कति फुटको कस्तो गुणस्तरको बाटोले छोएको हो भन्ने सहज तथ्यांक
- सम्पत्ति करको विजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रुपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।
- सम्पत्ति कर र भूमि कर ऐैक पटक संकलन गर्ने व्यवस्था मिलाउने गरि नीतिगत निर्णय गर्ने ।

**ख मालपोत वा भूमि कर**

**हालको अवस्था:** नगरपालिकाको संशोधित आर्थिक ऐन, २०७५ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गाबाहेकका अन्य जग्गामा भूमिकर लगाउने व्यवस्था गरेको छ। तर विगत देखि एकिकृत सम्पत्ति कर संकलन भईरहेकोले हाल सम्म बक्यौता रकम मात्र संकलन भईरहेको छ । तर चालु आ.व.का लागि आर्थिक ऐनमा जग्गाको क्षेत्रफलका आधारमा मालपोतको दर निर्धारण गरि रु. २ लाख संकलन हुने अनुमान गरिएको छ।

नगरपालिकाले करदाताबाट सम्पत्ति कर र भूमी करको रकम बुझिलिई करदातालाई एकीकृत रुपमा एउटै विल/रसिद दिन सक्ने प्रावधान अनुरुप हाल उक्त करहरु एकैपटक एकीकृत रुपमा संकलन गरिरहेको छ ।

**संभाव्यता:**

नगरपालिकामा भूमीकर लगाउनयोग्य जग्गा र सोको करदातासम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएको हुँदा नगरपालिकाको अनुमानीत घरधुरी संख्या १८००० लाई आधार मानी यो करको सम्भाव्यता एकिन गरिएको छ। एक घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग भूमिकरयोग्य जग्गा हुन सक्ने र सबै जग्गा धनीले घर निर्माण नगरी घडेरी मात्र राख्ने तथा नगरपालिका बाहिरका बासिन्दाहरुको समेत जग्गा भएको अवस्था समेतलाई ध्यानमा राखी कुल घरधुरी १८००० मा ६० प्रतिशत थप गरी कुल २८८०० जना भूमिकरको करदाता संख्या निर्धारण गरिएको छ।

| | |
|---|---|
| कुल भूमिकर करदाता संख्या (अनुमानित) | 28800 |
| प्रतिकरदाता औसत भूमि कर (अनुमानित) | 200 |
| कुल सम्भाव्य भूमि कर | 57,60,000 |

**सुधारका पक्षहरू:** नगरपालिकामा भूमि तथा करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक उपलब्ध छैन । यसकारण भूमि र करदातासम्बन्धी विस्तृत र यकीन तथ्यांक संकलन र नियमित अद्यावधिकरणको व्यवस्था गर्नु भूमिकर सम्बन्धमा प्रमुख आवश्यकताको रुपमा रहेको देखिन्छ। थप सुधारका पक्षहरु देहायअनुसार छन् :

- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने
- क्षेत्रफलका आधारमा नभई मुल्यका आधारमा करको दर निर्धारण गर्ने । करको दर प्रगतिशिल बनाउने ।
- आर्थिक ऐनमा गरिएको व्यवस्था कार्यान्वयन गरि भुमि कर संकलन गर्ने ।
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

### ग. घरजग्गा वहाल कर

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै घर वा जग्गा बहालमा लगाई आम्दानी गरेमा वार्षिक बहाल रकमको १० प्रतिशत कर असुल गर्ने व्यवस्था गरेको छ । नगरपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । हालसम्म संस्थागत रुपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानुनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र बुझाउने गरेको देखिन्छ । आ.व. २०७४।७५ मा यस शिर्षकवाट करिब रु. २१५१७६ संकलन भएको देखिन्छ । विगत आर्थिक वर्षहरुको तुलनामा करिब १३ प्रतिशतले बृद्धि देखिएता पनि संकलित रकम न्युन हो ।

चालु आ.व.को चैत्र मसान्तसम्म जम्मा ५६९ जना करदाताहरु दर्ता भएको देखिन्छ भने । त्यस समय सम्म जम्मा २२९ जना बाट ७,३९,२८४ रुपैया संकलन भएको छ । जसका आधारमा हेर्दा प्रति करदाता रु. ३,२२८ संकलन भएको छ ।

**संभावना:** राष्ट्रिय जनगणना २०६८को तथ्यांक अनुसार यसनगरपालिका क्षेत्रमा जम्मा १६६५ जनाले विभिनन प्रयोजनका लागि घरजग्गा वहालमा लिएको अनुमान छ । उल्लेखित तथ्यांक तथा कार्यशाला दौरान गरिएको छलफलका आधारमा यस नगर क्षेत्रमा करिब १८०० घर जग्गा बहाल करका करदाता भएको अनुमान गरिएको छ । नगरपालिकाले घरजग्गा वहाल करलाई प्रगतिशिल बनाई आम्दानीको आधारमा दरलाई ठुला आम्दानी गर्ने करदाताका लागि ८ र साना आम्दानी गर्ने करदाताका लागि ५ प्रतिशत कायम गरेमा प्राप्त तथ्यांकका आधारमा विश्लेषण गर्दा देहाय बमोजिम संकलन सम्भावना देखिन्छ ।

**तालिका ३: घरजग्गा करको सम्भाव्यता विवरण**

| क.सं. | आयका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | **(ख)** | **(ग)** | **(घ)** | **(✦)** |
| | | **(क)** | अनुमानित | क x ख x१२ | प्रतिशत | ग x घ |
| 1 | ठुला करदाता (मासिक १०००० वा सो भन्दा बढी बहाल आय हुने) : मुख्यतः संस्थागत प्रयोजन मा भाडामा लगाईका घरहरु | 600 | 10,000 | 72,000,000 | 8 | 5,760,000 |

| क.सं. | आयका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | **(ख)** | **(ग)** | **(घ)** | **(✦)** |
| | | **(क)** | अनुमानित | क x ख x१२ | प्रतिशत | ग x घ |
| 2 | साना करदाता (मासिक १०००० भन्दा कम बहाल आय हुने) : मुख्यतः साना व्यवसाय तथा घरयासी प्रयोजन मा भाडामा लगाईका घरहरु | 1200 | 3,500 | 50,400,000 | 5 | 2,520,000 |
| **जम्मा** | | **1,800** | | **122,400,000** | | **8,280,000** |

तथ्यांक स्रोतः राष्ट्रिय जनगणना २०६८ तथा कार्यशालामा गरिएको छलफल

**सुधारका पक्षहरू:**

- वहालमा भएका घरजग्गाको लगत संकलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसंग आवद्ध गर्ने ।
- घरजग्गा वहाल रकम मुल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटका दरले वहाल मूल्य निर्धारण गर्ने र सो वमोजिम वहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- वहालकरको दर पुनरावलोकन गर्ने ।
- घरजग्गा वहाल कर संकलन कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐन वा कार्यविधिमा बहाल कर नतिरेमा हुन सक्ने दण्ड सजाय सम्बन्धी स्पष्ट प्रावधार राख्ने ।

### घ. अन्य कर

### घ.१ व्यवसाय कर

**हालको अवस्था:** नगरपालिकाले आर्थिक ऐनमा व्यवसायहरूलाई व्यवसायको किसिमको आधारमा विभाजन गरी करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु ७०० (साना पसल) देखि अधिकतम रु ५०,००० (क वर्गका ठुला होटलहरु) सम्म रहेको छ । त्यसैगरि ऐनमा कर नतिरेमा हुन सक्ने दण्ड सजायको व्यवस्था पनि स्पष्ट राखिएको छ ।

नगरपालिकाले गत आर्थिक वर्षमा रु. २२,२७,७७२ व्यवसाय कर असुल गरेको छ । हालसम्म जम्मा २५०० व्यवसायहरु दर्ता भएका छन् । चालु आ.ब.को चैत्र मसान्त सम्म जम्मा ७६० व्यवसायी बाट रु. २१,७६,०४२ रुपैया संकलन भएको छ, उल्लेखित आधारमा हेर्दा प्रति करदाता रु. २,८६३ कर हुन आउछ ।

**संभावना:** यस नगरपालिकाको बजार क्षेत्रहरूमा रहेका व्यवसायहरुको किसिमअनुसारका संख्यासम्बन्धी तथ्यांक तत्काल उपलब्ध छैन । हालसालै केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजाअनुसार यस नगरपालिकामा जम्मा ३११७ वटा व्यवसाय रहेका र ११५८१ जना उक्त व्यवसायमा संलग्न रहेको देखिन्छ । उल्लेखित तथ्यांक तथा नगरपालिकाको विगतको संकलन तथा कार्यशाला छलफलका दौरान प्राप्त नतिजाका आधारमा हेर्दा जम्मा व्यवसायी लाई ठुला, मध्यम र साना करदाता पनि तीन तहमा वर्गिकरण गरि देहायअनुशार सम्भावयता यकिन गरिएको छ :

**तालिका ४: व्यवसाय करको सम्भाव्यता विवरण**

| क.सं. | करदाता (व्यापार व्यवसायको स्तर अनुशार) | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| 1 | ठुला व्यवसायीहरु (१०,००० भन्दा अधिक कर तिर्ने करदाता) | 50 | 12,500 | 625,000 |
| 2 | मध्यम व्यवसायीहरु (५,००० भन्दा अधिक १०,००० सम्म कर तिर्ने करदाता) | 150 | 7,500 | 1,125,000 |
| 3 | साना व्यवसायीहरु (५,००० भन्दा कम कर तिर्ने करदाता) | 2917 | 1,000 | 2,917,000 |
| | **जम्मा** | **3117** | **1497.27** | **4667000** |

**सुधारका पक्षहरू:** नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- व्यवसायको करको लगत संकलन गरी व्यवसाय करको अभिलेखलाई सम्पत्ति करको अभिलेखसंग आवद्ध गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि नगर कार्यपालिकावाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- व्यवसाय कर संकलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय कर संकलन अभियान संचालन गर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग बाणिज्य संघ आदि कार्यालयहरूसंग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।
- व्यवसाय दर्ता प्रकृया संगै बन्द भएका व्यवसायहरु नामसारी तथा खारेजी गर्ने कामलाई पनि तिब्रता दिने ।

### ग.२ जडिवुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था:** नगरपालिकाका बजार क्षेत्रबाट कवाडी संकलन गरी बेचविखन गर्ने व्यवसायहरू रहेका छन् तर अन्य मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा भने तथ्यांक तथा सूचनाको अभाव देखिन्छ । स्थानीय सरकार संचालन ऐन लागू भएपछि यस शिर्षकबाट आय संकलन गर्ने अधिकार प्राप्त भएसंगै नगरपालिकाले आर्थिक ऐनमा करका दरहरू निर्धारण गरेको छ । करका दर निर्धारण भएतापनि हालसम्म नगरपालिकाले यो कर संकलन गरेको छैन भने चालु आ.व.का लागि समेत अनुमान गरेको छैन । नगरपालिकाले यस्ता व्यवसाय संचालन गर्नेलाई इजाजत प्रदान गरी प्रति क्विन्टलका दरले यस्ता कारोवार गर्नेसंग कर संकलन गर्न उपयुक्त देखिन्छ ।

**संभावना:**

नगरपालिका क्षेत्रवाट करिव २००० क्विन्टल कवाडी मालवस्तु संकलन तथा बिक्री हुनेकुरा छलफलका क्रममा अनुमान गरिएको छ । नगरपालिकाले वस्तुको मूल्यको आधारमा प्रति क्विन्टलक्विन्टल औसत रु १५० सम्म कर निर्धारण गरेमा वार्षिक रु ३,००,००० यस स्रोतवाट संकलन हुन सक्ने सम्भावना देखिन्छ । तर मरेका जीवजन्तु तथा जडिवुटी संकलन तथा बिक्रीका सन्दर्भमा जानाकारी नभएकाले सोको सम्भावना गणना गरिएको छैन ।

**सुधारका पक्षहरूः** कवाडी, जडिबुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- जडिबुटी, कवाडी तथा जीवजन्तु कारोवार इजाजत दस्तुर र करको दर निर्धारण गर्ने ।
- जडिबुटी, कवाडी तथा जीवजन्तुको व्यवसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

### घ. साना सवारी कर

**हालको अवस्थाः** वर्तमान कानुनले नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर संकलन गर्ने अधिकार प्रदान गरेको छ । नगरपालिकाले आर्थिक ऐनमा वार्षिक सवारी करको दर तथा साना सवारी साधनको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरेको छ । हालसम्म नगरपालिकाले यो शिर्षकबाट कुनै रकम असुल गरेको छैन भने चालु आ.व.का लागि समेत अनुमान गरेको छैन । कार्यशालाका दौरान भएको छलफल अनुसार यस नगरपालिकामा अटो रिक्सा तथा ई रिक्सा गरि जम्मा करिब ३०० वटा साना सवारी रहेका छन् ।

**संभावनाः**
नगरपालिकाले उल्लेखित बमोजिमका ३०० साना सवारीबाट प्रति रिक्सा रु २५०० सवारी कर (दर्ता तथा नवीकरण सहित) लिएमा वार्षिक रु ७,५०,००० संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः** सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने ।
- सवारी दर्ता दस्तुर निर्धारण गर्ने तथा वार्षिक सवारी करको दर परिमार्जन गर्ने ।

### ङ) विज्ञापन कर

**हालको अवस्थाः** नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल अदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

विज्ञापन करका सन्दर्भमा नगरपालिकाले विभिन्न विज्ञापनका सामाग्री अनुसार करको दरहरू निर्धारण गरेको छ भने, ठेक्का विधिद्वारा यो कर संकलन गरिरहेको छ । गत आ.व. रु. ३,०३,८७३ संकलन भएको थियो । तर चालु आवका लागि भने नगरपालिकाले यो कर अनुमान समेत गरेको छैन भने ठेक्का पनि लागेको छैन ।

**संभावनाः** नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्यांक नभएकाले आगमी आ.व.मा अनुमानीत रु. ५ लाखसम्म संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।

### *३.३.२ गैरकर राजस्व*

**क) बिक्रीबाट प्राप्त रकम**

***क.१ स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री***

**हालको अवस्था:** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

नगरपालिका क्षेत्रमा देवनिया, हरिया, मेचि तथा निन्दा नदी/खोलाहरु रहेका छन् । नगरपालिकाले आर्थिक ऐनमा नदीजन्य पर्दार्थ बिक्री तथा निकासी गर्ने गरि उक्त व्यवस्था बमोजिम दर निर्धारण गरेको भएता पनि प्रदेश कानुन बमोजिम संकलन गरिरहेको देखिन्छ । नगरपालिकाले चालु आ.व. २०७५।७६ मा उक्त खोलानालाका नदिजन्य पदाथको बिक्री निकासीका लागि जम्मा रु. 88,53,341 मा ठेक्का एकिन भएको छ ।

उक्त रममा ठेक्का लागेको भएतापनि केही खोलाका उत्खनन् स्थलहरु अन्य नगरपालिकाको सिमा क्षेत्रमा परेकाले उक्त वस्तुहरुको संकलन र बिक्रीमा कैयौ समस्याहरु आईरहेको देखिन्छ ।

**संभावना:** उल्लेखित ४ वटा खोलाका मुख्य स्थलमा प्रारम्भिक वातावरण परिक्षण सम्पन्न भई जिल्ला समन्वय समितिबाट स्वीकृत भएको छ । हालको संकलन तथा बिक्री दर, प्रदेश कानुनले निर्धारण गरेको दर र बजार अवस्था हेर्दा प्रति घन फुट रु. ६ बिक्री दर निर्धारण गर्न सकिने देखिन्छ । प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदनले एकिन गरेको परिमाण र प्रस्तावित दरका आधारमा देहायबमोजिमको संभावना देखिन्छ :

| क.सं. | खोला | वार्षिक जम्मा हुने परिमाण (घ.मि.) | वार्षिक उत्खनन् गर्न सकिने परिमाण | | प्रस्तावित दर प्रति घन फुट | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|---|---|
| | | | घन मिटर | घन फिट | | |
| 1 | देवनिया खोला (१३ स्थलहरु बाट) | 43800 | 21901 | 771937.98 | 6 | 4631627.9 |
| 2 | हडिया खोला (३ स्थलहरु बाट) | 14500 | 8750 | 308408.63 | 6 | 1850451.8 |
| 3 | मेची खोला (४ स्थलहरु बाट) | 50500 | 25250 | 889979.18 | 6 | 5339875.1 |
| 4 | निन्दा खोला (२ स्थलहरु बाट) | 15750 | 7875 | 277567.76 | 6 | 1665406.6 |
| | **कुल** | **124550** | **63776** | **2247894** | | **13487361** |

**सुधारका पक्षहरू:**

- सम्बन्धित सबै क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने

- ढुङ्गा, गिट्टी तथा बालुवा ठेक्का प्रक्रिया अगाडि बढाउनु पूर्व नगरसभाबाट बिक्रीको दर परिमार्जन गरी आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।
- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने
- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- नगरपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

***क.२ सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय***

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधनमा यस सम्बन्धी देहाय बमोजिमको व्यवस्था गरेको छ :

- *सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका वा नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।*
- *वन पैदावरको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने छ ।*

यस नगरपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी यकीन तथ्यांक प्राप्त हुन सकेन । आगामी आ.व.मा यस नगरक्षेत्रमा भएका सामुदायिक बनले जम्मा रु. ५० लाखको कारोबार गर्ने र सोको दश प्रतिशतले हुन आउने रु. ५ लाख नगरपालिकाले आय गर्न सक्ने भनि अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिका क्षेत्रभित्र रहेका सामुदायीक वन उपभोक्ता समितिहरु संग समन्वय गरि यस सम्बन्धी जानाकारी सहितको छलफल गर्ने ।
- सामुदायीक वन तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदावर बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकामा स्विकृत गर्ने व्यवस्था मिलाउने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

**ख) बहाल बिटौरी शुल्क**

**हालको अवस्थाः** नगरपालिकाले आफुले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत वहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । हाल यस नगरपालिकाले दुई किसिमका बहाल बिटौरी कर संकलन गरिरहेको छ :

- आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गाको प्रयोगमा
- सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसलमा वर्गीकरण अनुसार

नगरपालिकाको विभिन्न क्षेत्रमा सोमबार, मंगलबार, बुधबार, शुक्रबार र शनिबार गरि पाँचवटा साप्ताहिक हाट बजार लाग्दछ भने एउटा चौपाया हाट बजार लाग्दछ । यसका अलवा नगरपालिकाले सार्वजनिक जग्गाहरुको

प्रयोग बापत केही क्षेत्रहरुबाट यो शुल्क संकलन गरिरहेको छ । नगरपालिकाले हाटबजार बिटौरी शुल्क आर्थिक ऐनवाट निर्धारण गरी उल्लेखित पाँटवटै हाट बजार बाट ठेक्का विधिमार्फत् तथा सार्वजनिक जग्गाको प्रयोगबापट आफैं देहाएअनुसार असुल गरेको छ :

**तालिका ५: बहाल विटौरी शुलकसंकलनको अवस्था**

| क्र.सं. | बहाल बिटौरीको क्षेत्र | आ.व.२०७४।७५को संकलन | चालु आ.व. ०७५।७६को लागि ठेक्का कायम अंक | चालु आ.व. ०७५।७६को चैत्र सम्म संकलित रकम |
|---|---|---|---|---|
| 1 | दैनिक अस्थाई हाट बजार | 1,319,495 | 1,326,000 | 1,193,400[1] |
| 2 | चौपाया हाट बजार | 1,375,655 | 2,905,125 | 2,614,613[2] |
| 3 | सार्वजनिक स्थल तथा ऐलानी जग्गा प्रयोग बापत | 96,105 | | 33,747 |
| | **जम्मा** | **2,791,255** | **4,231,125** | **3,841,760** |

नगरपालिकाको क्षेत्राधिकारभित्र ऐलानी तथा पर्ति जग्गाहरूमा नगरका कैयौ वस्तिहरू रहेका छन् । हाल नगरपालिकाले त्यस्ता स्थानमा बनेका संरचनाहरूलाई समेत बहाल विटौरी शूल्कको दायरामा ल्याउने प्रयास गरिरहेको छ । नगरपालिकाको आफ्नै स्वामित्वमा भएका जमिनको परिचालन सम्भावना एकिन गरि सो बाट आय आर्जन गर्न अग्रसर हुनुपर्ने देखिन्छ ।

**संभावना:** बहाल विटौरी शुल्क संकलन सम्बन्धी हालको अवस्था र शुल्क संकलनमा नगरपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शिर्षक बापत बढ्दो दरमा आय संकलन हुने सम्भावना देखिन्छ । हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक संकलन गरि विटौरी शुल्क पुनरावलोकन गरेमा आगामी आ.व.मा हालको संकलनमा २० प्रतिशतले बृद्धि हुने देखिन्छ । त्यसैगरि आगमी आ.व.मा सावैजनि जग्गाको प्रयोग गर्ने प्रयोगकर्ताहरुको पहिचान गरि व्यवस्थित रुपमा बहाल विटौरी शुल्क संकलनमा अग्रसर हुनु आवश्यक छ । विगतको संकलनको अवस्था तथा अब नगरपालिकाले चाल्ने कदमका आधारमा विश्लेषण गर्दा देहाय बमोजिम शुल्क संकलन हुने सम्भावना देखिन्छ :

| क्र.सं. | सम्पत्तिको किसिम | आगामी आ.व.को लागि सम्भाव्य रकम |
|---|---|---|
| 1 | दैनिक अस्थाई हाट बजार | 1,524,900 |
| 2 | चौपाया हाट बजार | 3,340,894 |
| 3 | सार्वजनिक स्थल तथा ऐलानी जग्गा प्रयोग बापत | 300,000 |
| | **जम्मा** | **5,165,794** |

**सुधारका पक्षहरू:** नगरपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि

- सार्वजनिक जग्गा प्रयोग बापत लिईको शुल्क विभिन्न शिर्षकहरु (तरभुजा खेती कर, माछा पोखरी कर आदी)मा गणना भएकाले उक्त शुल्क बहाल विटौरी शुल्क अर्नात् गणना गर्ने ।
- ऐलानी वा पर्ति जग्गामा वनेका संरचनाहरूको अभिलेख राखी वहाल विटौरी शुल्कको अभिलेख राख्ने ।
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी वहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरि कार्यान्वयन गर्ने ।

[1] ठेकेदारले एकमुष्ठ भुक्तानी गरि १० प्रतिशत छुट पाएको
[2] ठेकेदारले एकमुष्ठ भुक्तानी गरि १० प्रतिशत छुट पाएको

- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गिकरण गरि हाट बजार विटौरी शुल्कको दर परिमार्जन गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।

**ग) पार्किङ शुल्क**

**हालको अवस्थाः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएबापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । नगरपालिकाले दुई वटा क्षेत्रहरु (१. तोकेको स्थानमा पार्किङ गर्ने र २. बसपार्कमा पार्किङ गर्ने) का लागि भिन्दा भिन्दै पार्किङ शुल्क निर्धारण गरि आर्थिक ऐनमा समावेश गरेको छ । विगत आ.ब. देखि नै यस नगरपालिकाले ठेक्का विधि मार्फत् पार्किङ शुल्क संकलन गर्दै आइरहेको छ । चालु आ.व.का लागि यो शुल्क संकलन ठेक्का लगाउन नगरपालिकाले धेरै कसरत गर्नुपरेको देखिन्छ ।

अघिल्लो आ.व. २०७४।७५मा जम्मा रु. २,७४,५०० यो शुल्क संकलन भएको थियो जुन विगत आ.व.को तुलनामा १८.५७ प्रतिशतले घट्दो रहेको छ । चालु आ.व.को लागि रु. ३,००,००० संकलनहुने अनुमान गरिएको भएता पनि चेत्र मसान्त सम्म जम्मा रु. १,९२,१९० मात्र संकलन भएको छ ।

**सम्भावना :** हाल यस नगरपालिका क्षेत्रमा विभिन्न परियाजना मार्फत् सडक निर्माणका काम तिब्ररुपले बढ्दै गईरहेको छ भने यहाका जनताहरुले समेत नीजि सवारी किन्ने र त्यसको प्रयोग गर्ने दर बढ्दो देखिन्छ । नगरपालिकाका मुख्य बजारक्षेत्रमा पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्नु आवश्यक हुन्छ । हाल भईरहेका पार्किङ स्थलहरुको स्तरउन्नोति तथा आवश्यक क्षेत्रमा पार्किङ स्थलहरुको पहिचान तथा निर्माण गर्ने जस्ता योजनाहरु नगरपालिकाले अगाडी सार्नुपर्ने देखन्छ । नगरपालिकाले यस तर्फ प्रयास गरेमा आगामी आ.व.मा रु. ४ लाख संकलन गर्न सक्ने सम्भावना अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः** नगरक्षेत्रको सुन्दरता कायम राख्दै, सवारी व्यवस्थित गरि नगरबासी लाई सुविधा प्रदान गर्न देहायका कार्य गर्नुपर्ने देखिन्छ :

- नगरपालिकाका मुख्य बजारक्षेत्रमा पार्किङ पूर्वाधारको व्यवस्था/विकास गर्ने
- हाल भईरहेका पार्किङ स्थलहरुको स्तरउन्नोति तथा आवश्यक क्षेत्रमा पार्किङ स्थलहरुको पहिचान तथा निर्माण गर्ने
- पार्किङ शुल्कको दर पुनरावलोकन गरि आवश्यक परिमार्जन गर्ने र
- शुल्क संकलनको विधि स्पष्ट गरि संकलन गर्ने ।

**घ) नक्सा पास दस्तुर**

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ७, दफा २७ ले कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुँदैन भन्ने निर्देशन गरेको छ । यस नगरपालिकाले निम्नानुशार समयमा नक्सापासको शुरुवात गरेको देखिन्छ :

| नगरपालिका क्षेत्र | नक्सापास लागु मिति |
|---|---|
| • साविक नगरपालिका (शुरुवात) क्षेत्र | २०१९ साल |
| • साविक गाविस (चन्द्रगढी र महेशपुर) क्षेत्र | २०७१ मार्ग |
| • साविक गाविस (पृथ्वीनगर) क्षेत्र | २०७४ श्रावण |

चालु आ.व. २०७५।७६ को चैत्र मसान्त सम्म नक्सापास तथा नियमित (अभिलेखिकरण) भएका घर तथा संरचनाको संख्या र संकलित राजस्व देहायअनुशार रहेको छ :

| समयावधि | नक्सा पास तथा अभिलेखिकरण संख्या | संकलित दस्तुर | प्रति नक्सा पास संकलित औसत दस्तुर |
|---|---|---|---|
| हालसम्म | करिब ५१०० | | |
| आ.व. २०७४।७५ मा | 380 | 4,084,207 | 10,748 |
| चालु आ.व.को चैत्र मसान्त सम्म | 203 | 2,157,039 | 10,626 |

हाल सम्मको नक्सापासको अवस्था हेदौ प्रायः नक्सापास भएका घरहरुको औसत क्षेत्रफल १००० वर्ग फिटका रहेका छन् ।

नगरपालिकाले नक्सापास दस्तुरको दर आर्थिक ऐनमा निर्धारण गरेको छ । घरको बनौट तथा तल्लाको आधारमा प्रति वर्ग फिट न्यूनतम रु. ३ देखि रु. ७ सम्म नक्सा पासको दस्तुर निर्धारण गरेको छ भने नक्सा पास नगरी बनेका घरलाई नियमित अर्थात् अभिलेखिकरण गर्दा थप ५० प्रतिशत जरिवाना लिने व्यवस्था गरेको छ । यसका अलावा देहायका दस्तुर समेत नक्सापास अन्तर्गत् लिने गरि निर्धारण भएको छ :

| शिर्षक | दस्तुर (रु.) |
|---|---|
| • नक्शा पास निवेदन फारम दस्तुर | ५०० |
| • निर्माण सम्पन प्रमाण पत्र | १,००० |
| • नामसारी प्रति घर RCC/RBC | १,००० |
| • नामसारी प्रति घर टिनको छाना पक्कि दिवाल | ७०० |
| • नामसारी प्रति घर अन्य घर | ५०० |
| • स्थलगत सरजमिन | ३०० |
| • भवनको स्थलगत निरिक्षण दस्तुर | ८०० |
| • घर निर्माण गर्दा सर सफाई शुल्क | ५०० |

**सम्भावनाः** यस नगरपालिका क्षेत्रमा बढ्दो शहरिकण संगै भवन निर्माणमा तिव्रता देखिन्छ । हाल यस क्षेत्रमा प्रायः जसो न्युनतम १००० वर्ग फिटका घरहरू निर्माण भईरहेका छन् । आगामी आ.व.मा यस नगरपालिकामा करिब १०० वटा नयाँ घर निर्माण हुने र पुराना २५० वटा नक्सा पासको दायरामा आउन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट औसत रु. ११,००० का दरले जम्मा रु. ३,८५०,००० आम्दानी हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरि समयानुकुल परिमार्जन गर्दै जाने ।

**ङ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता, अनुमति, नविकरण दस्तुर)**

**हालको अवस्थाः** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् ।

हाल नगरपालिकाले "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ तर्जुमा गरि लागु गरेको छ । चालु आ.व.का लागि आर्थिक ऐनमा दर्ता तथा नविकरण दस्तुर निर्धारण (न्यूनतम रु. १,००० देखि १०,००० सम्म) गरि संकलन गरिरहेको छ । गत आ.व. २०७४।७५मा यस शिर्षकमा जम्मा रु. ५५६९९६ (दर्ता तथा नविकरण दस्तुर रु. ३३४७६९ तथा विद्यालय व्यवस्थापन दस्तुर रु. २,२२,२००) संकलन भएको थियो । चालु आ.व.का लागि उक्त रकम व्यवसाय कर संगै अनुमान गरि संकलित रकम एउटै शिर्षकमा राखेको देखिन्छ ।

**सम्भावना :** नगरपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । हाल करिव ३५० जति उल्लेखित किसिमका व्यवसायीक फर्म, फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक तथा निर्माण व्यवसायीहरु आदि यस नगरक्षेत्रमा रहेको अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता, अनुमति र नवीकरण गर्दा औसत दस्तुर रु. २,५०० लिइएको खण्डमा प्रति वर्ष रु. ८७५,००० आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर परिमार्जन गरि निर्धारण गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको ब्यवस्था गर्ने ।

**च) सिफारिश तथा प्रमाणित दस्तुर**

**हालको अवस्थाः** नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ । आर्थिक ऐनले सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु ५ देखि ३,००० सम्म निर्धारण गरेको छ र यसवाट गत आर्थिक वर्षमा करिब रु. ५७ लाख ९० हजार असुली भएको र चालू आर्थिक वर्षमा यस शिर्षकमा रु. ५९ लाख संकलन हुन सक्ने अनुमान गरिएको छ । नगरपालिकाले नगर कार्यपालिका तथा वडा कार्यालयहरूवाट यस्तो दस्तुर संकलन गरिआएको छ । चालु आ.व.को कार्तिक मसान्त सम्म करिब रु. ४८ लाख ६७ हजार यस शिर्षकमा संकलन भएको छ ।

**सम्भावनाः** नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरूवाट वार्षिक करिव १८,००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु ३५० भएमा वार्षिक सिफारिश तथा प्रमाणित वाट रु ६३,००,००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ । जसमा सिफारिश दस्तुर रु. ५७,००,०००, व्यक्तिगत घटना दस्तुर रु. १,५०,०००, नाता प्रमाणित दस्तुर रु. २,५०,००० र अन्य दस्तुर रु. २,००,००० अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शिर्षक सहितको विवरण तयार गर्ने ।

**छ) अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क)**

**हालको अवस्था:** हाल नगरपालिकाले आर्थिक ऐनमा फोहरमैला व्यवस्थापन शुल्कको दर (सर सफाई शुल्कको रुपमा) निर्धारण गरिको छ । सरसफाई शुल्कलाई व्यवसायी *(तिर्ने कर रकमको आधारमा न्यूनतम रु. १५० देखि ७०० सम्म)* तथा घरधनी *(न्यूनतम रु. ६० देखि ३०० सम्म)* तथा पार्टी प्यालेस तथा होटलको फोहर उठाए बापट प्रति ट्रिप रु. १००० का आधारमा वर्गिकरण गरि वार्षिक रुपमा संकलन गर्ने व्यवस्था आर्थिक ऐनमा उल्लेख गरेको छ । नगरपालिकाले गत आर्थिक वर्षमा यस शिर्षक अन्तर्गत रु. ३,३७,४२० संकलन गरेको छ जसको औसत वार्षिक बृद्धिदर १३ प्रतिशत रहेको छ ।

**सम्भावना:** नगरपालिकाले तत्कालै आप्फना मुख्य बजारक्षेत्रहरूमा प्रभावकारी फोहरमैला व्यस्थापन कार्यक्रम संगै शुल्क संकलन कार्यलार्य लागु गर्ने पर्ने देखिन्छ । तत्कालमा यस सम्बन्धी आवश्यक तथ्यांक नभएता पनि विगतको संकलन अवस्था र नगरपालिकाले आगामी आ.व.मा चाल्ने कार्यक्रमका आधारमा विश्लेषण गर्दा आगामी आ.व.मा गत आ.व.को संकलनको दोव्बर अर्थात् रु. ६,७४,८४० संकलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- हालको आर्थिक ऐनको ब्यवस्थालाई पुनरावलोकन गरी फोहरमैला ब्यवस्थापन शुल्कको दर उत्पादन हुने फोहरको प्रकार र परिमाणलाई मध्यनजर गर्दै परिमार्जन गर्ने ।
- मुख्य बजार क्षेत्रमा रहेका व्यवसायी, संघ संस्था तथा घरधुरीहरूको लगत तयार गर्ने ।
- यस्तो शुल्क बेग्लै फोहोर मैला व्यवस्थापन शुल्क शिर्षक अन्तर्गत् संकलन गर्ने ।

**छ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

**हालको अवस्था:** आफ्नो स्वामित्वमा रहेका घर, भवन तथा मेसीन औजार आदी बहालमा लगाई सो बापत बहाल रकम संकलन गर्नसक्ने प्रावधान रहेको छ । सो अनुरुप यस नगरपालिकाले देहाय बमोजिको दुई किसिको बहाल रकम संकलन गरिरहेको छ :

***भवन (कोठा) बहाल बापत :*** *नगरपालिकाले देहाय बमोजिमका ५ किसिमका भवनका कोठाहरु बहालमा*

| क.सं. | भवन विवरण | कोठा संख्या | कैफियत |
|---|---|---|---|
| 1 | हाट बजार सेट | 30 | पहिले ३६ वटा रहेकोमा हाल ६ वटा भत्काईएको |
| 2 | मार्केट बल्कतर्फ | 9 | १ कोठा काम नलागी भाडा नलाग्ने अवस्थामा |
| 3 | पसल भवन क तर्फ | 6 | २ कोठा नगरपालिका आफैले प्रयोग गरेको |
| | पसल भवन ख तर्फ | 4 | |
| | पसल भवन ग तर्फ | 3 | |
| 4 | बसपार्क भवन क तर्फ | 9 | |
| | बसपार्क भवन ख तर्फ | 10 | |
| | जम्मा | 71 | ७१ वटा कोठा मध्ये १ कोठा काम नलाग्ने र २ कोठा नगरपालिकाले नै प्रयोग गरेको हुदा जम्मा ६८ कोठा बहालमा |

| क.सं. | भवन विवरण | कोठा संख्या | कैफियत |
|---|---|---|---|
| | | | लाग्ने सम्भावना |
| चालु आ.व.मा ५७ वटा कोठा बहालमा लागेको र सो बापत मासिक १,१०२,००० रकम प्राप्त हुने । औसत बहाल रकम प्रति कोठा मासिक रु. १९३३ रहेको । | | | |
| 5 | पशु वधशाला भवन तर्फ | 10 | चालु आ.व.मा २ वटा कोठा मात्र बहालमा लागि मासिक रु. २७५० संकलन भएको (प्रति काठा औसत रु. १३७५) । |

***मेसिन औजार बहाल बापत :*** *नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका व्याक हो लोडर, रोलर र सक्सन बेसिन बालमा लगाई आय आर्जन गरिरहेको छ । उक्त "व्याक हो लोडर सञ्चालन कार्यविधि, २०७४" र "रोलर सञ्चालन कार्यविधि, २०७४" तर्जुमा गरी कार्यान्वियन गरिरहेको छ ।*

**सम्भावना:** नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहालबाट आगामी आ.व.मा देहाएअनुसार आम्दानी गर्नसक्ने देखिन्छ :

**तालिका ६: सम्पत्तिको बहालबाट प्राप्त हुनसक्ने आयको सम्भाव्यता विवरण**

| क्रं. सं. | स्वामित्वमा रहेको सम्पत्ति | ईकाई | संख्या | मासिक भाडा दर (औसत) | प्रस्तावित भाडा दर (औसत) | वार्षिक संभाव्य आय |
|---|---|---|---|---|---|---|
| 1 | हाट बजार, मार्केट ब्लक, पसल तथा बसपार्क तर्फका भवन ( भाडामा लाग्न सक्ने कोठा) | कोठा | 68 | 1,933 | 2,150 | 1,754,400 |
| 2 | पशु वधशाला भवन | कोठा | 10 | 1,250 | 1,250 | 150,000 |
| 3 | व्याक हो लोडर | ठुला औजार | 3 | *प्रति घण्टा उपभोक्ता समितिका लागि रु. १७०० र अन्यका लागि रु. १८००)* | एकमुष्ठ | 1,750,000 |
| | रोलर | | | *प्रति दिन उपभोक्ता समितिका लागि रु. ६००० र अन्यका लागि रु. ७०००* | | |
| | सक्सन मेसीन | | | प्रति ट्रिप रु. ३००० | | |
| | **जम्मा** | | | | | **3,654,400** |

**सुधारका पक्षहरू:**

- भवनका सबै केठा बहालमा जान नसक्नुका कारण पहिचान गरि सबै भवनहरुलाई प्रभावकारी रुपमा परिचालन गरि बहालमा लगाउने ।
- भवन, कोठा तथा टहराको भाडादर पुनरावलोकन गरि बजारको चलनचल्तिको बहाल रकमसंग मेल खाने गरि परिमार्जन गर्ने ।
- बहाल संकलन सम्बन्धी व्यवस्था तथा औजार संचालन सम्बन्धीका कार्यविधि अनुरुपका शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।
- शर्तहरु नमानेमा हुनसक्ने दण्ड सजायको व्यवस्था समेत उल्लेख गर्ने ।
- बहाल संकलनको दर निर्धारण गरि आर्थिक ऐनमा उल्लेख गर्नुपर्ने ।

# परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ । यसबाट नगरपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

नगरपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ अनुसार नगरपालिका उपप्रमुखको संयोजकत्वमा राजस्व सम्बन्धी विषयमा परामर्शका लागि सात सदस्यीय स्थानीय राजस्व परामर्श समिति गठन गरिएको छ ।

**तालिका ७: राजस्व परामर्श समिति**

| क.सं. | समितिका व्यक्तिहरु (पद) | समितिमा जिम्मेवारी |
|---|---|---|
| १ | उपप्रमुख | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | कार्यपालिका सदस्य | सदस्य |
| ४ | कार्यपालिका सदस्य | सदस्य |
| ५ | उ.वा.संघ प्रतिनिधि | सदस्य |
| ८ | राजस्व अधिकृत | सदस्य सचिव |

यस समितिले समय समयमा बैठक गर्ने तथा राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने, राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी नगरपालिकामा सिफारिश गर्नेलगायत समितिका काम, कर्तव्य र अधिकार क्षेत्रभित्रका कामहरू गर्दै आएको छ । समितिको बैठक बसी नगरपालिकाले आ.व. २०७४।७५ मा लगाउने विभिन्न कर तथा गैर करहरुको दररेटको सम्बन्धमा शीर्षकगत रुपमा छलफल गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरेको थियो ।

नगरपालिकाको राजस्व सम्बन्धी नीति अनुसार चालु आ.व. २०७५।७६ देखि एकीकृत सम्पत्ति कर लगाउने प्रावधान राखिएको भए पनि संघीय आर्थिक ऐन, २०७५ बाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको संशोधनले गाउँपालिका तथा नगरपालिकाले सम्पत्ति कर र भूमिकर (मालपोत) छुट्टा छुट्टै लिनुपर्ने व्यवस्था गरेको छ । यसै व्यवस्थाको आधारमा नगरपालिकाले आर्थिक ऐन, २०७५ मा आवश्यक व्यवस्था गरेको भएता पनि हालसम्मा एकिकृत सम्पत्ति कर नै संकलन गरिरहेको छ ।

## ४.२ विगतको आय परिचालनको अवस्था

नगरपालिकाले विगत तीन आर्थिक वर्षमा संकलन गरेको यथार्थ आय र सोको बृद्धि दर देहाय अनुशार रहेको छः

तालिका ८: विगत तिन आर्थिक वर्षमा आन्तरिक आय संकलनको अवस्था र औसत बृद्धि दर

| क.सं. | आय शिर्षक | ०७२।७३ | ०७३।७४ | ०७४।७५ | वार्षिक औसत बृद्धि दर |
|---|---|---|---|---|---|
| **क** | **स्थानीय कर** | **1,076,578** | **1,845,091** | **3,773,835** | **11.51** |
| | एकीकृत सम्पति कर | 7,422,968 | 3,317,554 | 9,892,664 | 15.44 |
| | Joj;fo s< | 2,066,866 | 2,245,723 | 2,227,722 | 3.82 |
| | axfn s< | 168,663 | 148,360 | 215,176 | 12.95 |
| | lj^f}<L hUuf dfl;s s< | 30,841 | 65,073 | 44,700 | 20.39 |
| | k^s] ;jf<L s< | 1,325,318 | 1,011,081 | 1,012,500 | -12.59 |
| | dgf]<~hg s< | 14,600 | 8,000 | - | |
| | lj!fkg s< | 25,422 | - | 303,873 | |
| | t<e'hf v]lt s< | 21,900 | 49,300 | 77,200 | 87.75 |
| **ख** | **शुल्क तथा महशुल** | **3,447,609** | **3,489,356** | **3,430,714** | **-0.25** |
| | सवारी दर्ता तथा वार्षिक शुल्क | 18,720 | 110,740 | 37,830 | 42.16 |
| | पार्किग शुल्क | 414,000 | 255,425 | 274,500 | -18.57 |
| | ljB't dx;'n | 18,495 | 13,191 | 17,409 | -2.98 |
| | rf}kfof xf^ jhf< ;]jf z'Ns | 1,373,000 | 1,374,395 | 1,375,655 | 0.10 |
| | b}lgs c:yfO{ xf^ ahf< ;]jf z'Ns | 1,318,500 | 1,319,135 | 1,319,495 | 0.04 |
| | k\|o{^lso If]q k\|j]z z'Ns | 1,300 | - | - | |
| | sflGh xfp; | 33,840 | 72,500 | 49,500 | 20.94 |
| | df%f kf]vl</ hns< z'Ns | 5,500 | 6,000 | 18,905 | 85.40 |
| | ;< ;kmfO{ z'Ns | 264,254 | 337,970 | 337,420 | 13.00 |
| **ग** | **दस्तुर** | **0,696,668** | **6,682,176** | **0,095,886** | **-2.85** |
| | btf{ tyf gjLs<)f b:t'< | 538,587 | 231,340 | 334,796 | -21.16 |
| | gS;f kf; b:t'< | 6,600,343 | 2,667,358 | 4,084,207 | -21.34 |
| | l;kmfl<z tyf lgj]bg b:t'< | 3,280,111 | 3,521,688 | 5,138,960 | 25.17 |
| | gftf k\|dfl)ft b:t'< | 277,627 | 261,790 | 315,724 | 6.64 |
| | ljBfno Joj:yfkg b:t'< | | | 222,200 | |
| **घ** | **बिक्री तथा अन्य आय** | **2,916,478** | **2,926,899** | **3,948,633** | **16.36** |
| | lnnfd laqmL | 390,600 | - | 13,000 | |
| | kmf<d ljqmL | 433,120 | 142,260 | 497,210 | 7.14 |
| | ^])*< kmf<d laqmL | 65,050 | 109,230 | 104,520 | 26.76 |
| | b)* hl<jfgf | 172,188 | 387,826 | 709,925 | 103.05 |

| क.सं. | आय शिर्षक | ०७२।७३ | ०७३।७४ | ०७४।७५ | वार्षिक औसत बृद्धि दर |
|---|---|---|---|---|---|
| | sf]&f ef*f□ | 1,331,812 | 1,207,835 | 1,427,943 | 3.55 |
| | w<f}^L hkmt | - | 1,000 | - | |
| | k]ZsL/a]?hL lkmtf{ | 3,000 | 2,250 | - | |
| | cGo ljljw cfo | 25,306 | 510 | 356,755 | 275.47 |
| | aSof}tf c;'nL | - | 295,566 | 15,021 | |
| | ef*f -Aofs xf] nf]*< | 495,402 | 780,422 | 639,259 | 13.60 |
| | ef*f -<f]n< | | | 185,000 | |
| ङ | **gub hg;xeflutf** | **3,000,185** | **2,238,148** | **2,051,401** | **-17.31** |
| | **s'n hDdf** | **1,137,518** | **7,181,670** | **3,300,469** | **3.41** |

विगत तीन आ.व.मा संकलित आन्तरिक आय हेर्दा वार्षिक औसत ३.४१ प्रतिशतको बृद्धि देखिन्छ ।

## ४.३. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

नगरपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ :

- नगरपालिकामा राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने गरेको छ ।
- नगरपालिकामा दरबन्दी तेरिज रहेको छ, संगठन संरचना तयार भई स्वीकृत हुन बाँकी छ ।
- राजस्व शाखामा राजस्व प्रमुख ना.सु सहित एक खरिदार, एक तथा कम्प्युटर अपरेटर कुल तीनजना कर्मचारी कार्यरत रहेका छन् ।
- वडा कार्यालयहरुमा वडा सचिव, कार्यालय सहायक सहित सामान्यतया दुई जना कर्मचारी कार्यरत रहेका छन् ।
- नगर कार्यपालिकाको कार्यालय सहित सबै वडा कार्यालयमा कम्प्युटर, इन्भर्टर सहित राजस्व सफ्टवेयरको व्यवस्था रहेको छ । सबै वडा कार्यालयबाट कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ गर्ने गरेको छ ।
- कर संकलन र व्यवस्थापन प्रभावकारी बनाउन नगरपालिकाले निम्न ऐन तथा कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ :
    - *आर्थिक ऐन २०७५*
    - *कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५*
    - *सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५*
    - *आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि २०७५*
    - *रोलर संचालन सम्बनधि कार्यविधि २०७४*
    - *व्याक हो लोडर संचालन कार्यविधि २०७४*
    - *"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५*
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण कमि रहेको देखिन्छ ।
- स्थानीय तहको राजस्व प्रशासन र व्यबस्थापन सम्बन्धी विषयमा विशिष्ठीकृत तालिम, अध्ययन, अवलोकन भ्रमण लगायत क्षमता विकासका कृयाकलापहरु भने हुन सकेको देखिदैन ।

## ४.५. राजस्व परिचालनमा रहेका सवालहरू

यस नगरपालिकाले राजस्व अधिकार क्षेत्रभित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको भएता पनि अन्य कतिपय शीर्षकहरुमा राजस्व संकलन गर्न बाँकी रहेको छ । समग्रमा यस नगरको राजस्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छ :

### क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्यस्थल तथा आवश्यक उपकरण सहितको कार्यवातावरण हुनु आवश्यक छ। वडास्तरमा पर्याप्त कर्मचारी नभएको कारण कम्प्युटर, इन्भर्टर र राजस्व सफ्टवेयर भएर पनि हाते बिल प्रयोग गर्ने गरिएको छ । राजस्व शाखाका लागि पर्याप्त स्थानको कमी रहेको देखिन्छ । राजस्व शाखामा एकजना राजस्व अधिकृतका

अतिरिक्त थप तीन जना कर्मचारी कार्यरत छन् । वडा कार्यालयहरुको हकमा एकजना वडा सचिव र एकजना सहायक कर्मचारी कार्यरत रहेको देखिन्छ । कार्यबोझका आधारमा कर्मचारी कम रहेको देखिन्छ ।

**ख. तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना**

हाल नगरपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ । पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीन साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात् करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

**ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

नगरपालिकाले आय परिचालन सम्वन्धी सम्पत्ति व्यवस्थापन, घरबहाल, नदीजन्य पदार्थ बाहेक अन्य क्षेत्रहरुमा समेत कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् । साथै नगरपालिकाले हाल आर्थिक ऐनमा समाबेस गरेका शिक्षा तथा स्वास्थ्य विकास कर र बाटो मर्मत, पर्याबरण संरक्षण तथा सवारी दस्तुरको कानूनी बैधतामा पनि प्रश्न उठ्न सक्ने देखिएको छ ।

**ग. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करलाई जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । नगरपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोगसँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिन सकेको देखिदैन । यसका अतिरिक्त राजस्व प्रशासनमा दण्ड र पुरस्कारको नीतिलाई प्रभावकारी रुपमा अवलम्बन गर्न सकेको देखिदैन ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । त्यसैगरी रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा नेपाल सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिेशन दस्तुरको बाँडफँटका लागि प्रदेश सरकारसँग र विगत बर्षहरुको राजस्व बाँडफाँटका लागि जिल्ला समन्वय समितिसँग पर्याप्त समन्वय कायम नहुँदा ती निकायबाट नगरपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त हुन सकेको देखिदैन ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद – पाँच : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई नगरपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयारीका सन्दर्भमा सर्वप्रथम प्रारम्भिक कार्यशाला सञ्चालन गरिएको थियो । नगरपालिकाको आयोजना र परामर्शदातृ निकायको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, नगरपालिका कार्यालय तथा वडाका कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू लगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरू तीनवटा समूहमा बसी समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तयारी तथा प्रस्तुती गरिएको थियो । परामर्शदाताद्वारा संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको तल उल्लेखित मस्यौदा तयार गरिएको छ। यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासन सुधार योजना

### क. कर राजस्व सुधार योजना

कर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेबमोजिम करका दर र दायरा वृद्धि गर्ने नगरपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ :

**तालिका ९: कर राजस्व सुधार कार्ययोजना**

| कर राजस्वका शिर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| भूमिकर/मालपोत | - मालपोत कार्यालयबाट जग्गाको अभिलेख प्राप्त गर्ने<br>- वडागत रुपमा सम्पूर्ण जग्गाको अभिलेख राख्ने र नियमित अद्यावधिक गर्ने<br>- जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनको आधार वैज्ञानिक बनाउने<br>- जग्गाको मुल्यको आधारमा मालपोत तथा भूमीकरको दर निर्धारण गर्ने<br>- विद्यमान कानुन अनुरुप मालपोत संकलन शुरु गर्ने | २०७६ ज्येष्ठ मसान्त सम्म<br>असार मसान्त सम्म<br>श्रावण १ देखि | राजस्व शाखा<br>राजस्व परामर्श समिति, राजस्व शाखा<br>राजस्व परामर्श समिति, नगर सभा<br>वडा कार्यालय |
| सम्पत्ति कर | - हालको एकीकृत व्यवस्थामा रहेको करदाताको अभिलेअ अनुशार सम्पत्ति करदाताको पहिचान गर्ने । | २०७६ ज्येष्ठ मसान्त सम्म | राजस्व शाखा<br>राजस्व परामर्श |

| कर राजस्वका शिर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| | - सम्पत्ति कर व्यवस्थापान कार्यविधि तयार गर्ने<br>- सम्पत्ति करको दर (संरचना र सोले चर्चेको जग्गामात्रको मुल्यांकन गरि) निर्धारण गरि आर्थिक ऐनमा व्यवस्था गर्ने<br>- सम्पत्ति कर सम्बन्धी जनचेतना शिविर सञ्चालन गर्ने<br>- मालपोत र सम्पत्ति कर एकै पटक लिन सकिने भनि आर्थिक ऐनमा उल्लेख गर्ने | असार मसान्त सम्म<br><br>श्रावण १ देखि | समिति, राजस्व शाखा, कार्यपालिका<br>राजस्व परामर्श समिति, नगर सभा<br>राजस्व शाखा, वडा कार्यालय |
| सवारी कर | - टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा इजाजत कार्यविधि तर्जुमा गर्ने ।<br>- टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्सा वाहेकमा वार्षिक सवारी कर तथा पटके कर नलाग्ने ब्यवस्था गर्ने ।<br>- नगरक्षेत्रमा गुड्ने टाडा, रिक्सा, अटो रिक्सा तथा ई रिक्साहरूको दर्ता तथा नवीकरण दस्तुर निर्धारण गरी सवारीहरू दर्ता गर्ने । | २०७६ असार मासन्तसम्म<br><br>श्रावण १ देखि | राजस्व परामर्श समिति र नगर कार्यपालिका<br>राजस्व परामर्श समिति र नगर कार्यपालिका<br>प्राविधिक शाखा तथा राजस्व शाखा |
| घरजग्गा बहाल कर | - घरजग्गा वहाल कर असुली व्यवस्थालाई आर्थिक ऐनमा स्पष्ट ब्यवस्था गर्ने ।<br>- संरचनाको प्रकार र स्थानको आधारमा न्यूनतम वहाल मूल्य निर्धारण गर्ने ।<br>- घरजग्गा वहाल करको दर पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने ।<br>- सम्पत्तिको अभिलेखमा वहालमा भएका घरजग्गाको लगत अद्यावधिक गरी घरजग्गा वहाल कर रकम निर्धारण तथा असुल गर्ने । | २०७६ असार मासन्तसम्म<br><br>२०७६ श्रावणदेखि | राजस्व परामर्श समिति, नगर सभा, राजस्व शाखा<br><br>राजस्व शाखा, वडा कार्यालयहरु |
| व्यवसाय कर | - सम्भाव्य व्यवसाय करदाता सबैको विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने<br>- अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने<br>- लगानी, कारोबारको प्रकृति, कारोबारको परिमाणका आधारमा करको दर निर्धारण गर्ने | आ.व. २०७५।७६ देखि निरन्तर | आर्थिक विकास शाखा<br>राजस्व परामर्श समिति<br>वडा कार्यालय |

| कर राजस्वका शिर्षकहरु | सुधारका लागि गर्नु पर्ने कार्यहरु | सयमावधी | जिम्मेवारी |
|---|---|---|---|
| | - नयाँ दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गर्ने | | |
| कवाडी कर | - ठेक्का प्रक्रियाबाट राजस्व संकलन गर्ने<br>- कवाडी संकलन केन्द्र व्यवस्थित गर्ने | आ.व. २०७६।७७ देखि निरन्तर | राजस्व शाखा |
| विज्ञापन कर | - नगरपालिकामा विद्यमान विज्ञापन सामग्री र सम्बन्धित विषयमा अध्ययन गर्ने<br>- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने<br>- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने<br>- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने | २०७६ असार मसान्त | राजस्व शाखा |

**गैरकर राजस्व सुधार योजना**

गैरकर राजस्व सुधार योजना अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेबमोजिम राजस्वका दर र दायरा वृद्धि गर्न नगरपालिका पदाधिकारीहरूसँग छलफल गरी निम्नानुसार गर्ने गरी प्रस्ताव गरिएको छ :

| गैरकर राजस्वका शीर्षक | सुधारका लागि गर्नुपर्ने कार्य | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
